# मिथिला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
प्रदेश नं. २, नेपाल

**सेनेटरी प्याड खरिद सम्वन्धि शिलवन्दी दरभाउपत्र आह्वानको सुचना**
**प्रथम पटक प्रकाशित मिति २०७८।२।२१**

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.व. २०७७।०७८ को शिक्षा तर्फ सर्शत अनुदानमा स्वीकृत वार्षिक कार्यक्रम तर्फ नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुमा अध्ययनरत किशोरावस्थामा महिनावारी हुने उमेर समूहका छात्राहरुलाई सेनेटरी प्याड खरिदको लागि विनियोजित भए बमोजिम रकम भए अनुसार शिलवन्दी दरभाउपत्रको माध्यमबाट सेनेटरी प्याड खरिद गर्नुपर्ने भएकोले इच्छुक ईजाजत प्राप्त फर्म, संस्था, कम्पनी तथा सप्लायर्सहरुबाट निम्न शर्तको अधिनमा रही रितपुर्वकको शिलवन्दी दरभाउ आह्वान गरिएको छ ।

**शर्तहरु**

१.दरभाउ प्रथम पटक सूचना प्रकाशितभएको मितिले १५ दिन भित्र यस कार्यालयको राजस्व शाखामा रु.१०००।०० (अक्षेरुपी रु एक हजार मात्र) पछि फिर्ता नहुने गरी बुझाई अध्यावधिक नविकरण भएको ईजाजतपत्र,मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता गरको प्रमाणपत्रको प्रतिलिपी तथा कालो सूचिमा नरहेको स्वघोषणा संलग्न राखी सम्बन्धित फर्म, संस्था, कम्पनी तथा सप्लायर्सहरु वा अधिकार प्राप्त प्रतिनिधिले यस कार्यालयको शिक्षा शाखाबाट दरभाउ सम्वन्धि कागजात (Tender Document ) खरिद गर्न सकिनेछ ।

२. खरिद भएको दरभाउपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रस्टसँग भरी सम्वन्धित फर्म, संस्था, पसल, कम्पनी तथा सप्लायर्सहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिले प्रत्येक पानामा सहीछाप गरी खाममा शिलवन्दी गरी सो खाम वाहिर नाम, ठेगाना, सूचान नं. र कामको नाम प्रष्ट सँग लेखी १६ औं दिनको १२ :०० वजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० वजे उपस्थित दरभाउदाताहरु वा निजको प्रतिनिधिहरुको रोवहरमा यस कार्यालयमा खोलिनेछ । दरभाउदाताहरु वा निजहरुको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउ धरौटी वापतको रकम यस नगरपालिका कार्यालयको माछापुच्छ्रे बैंक लिमिटेड ढल्केवर शाखामा रहेको धरौटी खाता नं. १००१५२४७५८७१०७८ मा नगद जम्मा गरी सोको सक्कलै बैंक भौचर वा सो रकम वरावरको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस नगरपालिका कार्यालयको नाममा जारी गरिएको विड वण्ड (वोलपत्र खोलेको मितिले कम्तिमा १२० दिन अवधि भएको) पेश गर्नु पर्नेछ । फाईनान्स कम्पनीबाट जारी भएको विड वण्डको मान्य हुने छैन ।

४. दरभाउ शर्त रहित, केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराएको दरभाउ पुस्तिकामा नै कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । समय भित्र प्राप्त नभएको, रित नभएको, सूचनाको शर्त विपरित भएको दरभाउ माथि कारवही हुने छैन ।

५. दरभाउपत्र भर्दा स्पष्ट रुपमा भर्नुपर्ने छ । अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा उल्लेखित दरलाई आधार मानी जम्मा रकम कायम गरिनेछ । साथै केरमेट भएको स्थानमा सहिछाप हुनुपर्नेछ ।

६. दरभाउ खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजानिक विदा परेमा सोको भोलिपल्ट वा विदा लगत्तै कार्यालय खुलेको दिन कायम गरी उक्त कामहरु हुनेछ ।

७.सेनेटरी प्याड (वितरण तथा व्यस्थापन) कार्यविधि २०७६ को अनुसुचि १ र २ ले तोके वमोजिमको न्यसनतम मापदण्ड हुनु पर्ने छ ।

८.प्रचलित कानुन बमोजिम तोकिएको आधारहरु पुरा नभएको, रित नपुगेको, म्याद भित्र दर्ता नभएको र यस सूचना एवम् दरभाउ सम्बन्धि कागजातमा उल्लेखित शर्तहरु पुरा नभएको दरभाउ उपर कारवाही हुने छैन ।

९.कुनै कारण नजनाई आशिंक वा पुरै दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिका कार्यालयमा सुरक्षित रहने छ।साथै दरभाउपत्र दाताले दर्ता गर्न आउदा प्रष्टसंग बुझिन सकिने गरी स्पेशिफिकेशन सहितको प्रस्ताव पेश गर्नुपर्नेछ ।

१०. अन्य थप यस सूचना नसमेटिएको हकमा सार्वजानिक खरिद ऐन २०६३ र सार्वजानिक खरिद नियमावाली २०६४ तथा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

११. एक फर्म,संस्था, कम्पनी वा निर्माण व्यवसायीको नाममा खरिद भएको दरभाउपत्र फारम अर्को फर्म, संस्था, कम्पनी तथा सप्लायर्सको नामबाट दाखिला गर्न पाईने छैन ।

१२. दरभाउ पत्र सम्वन्धि थप जानकारी लिन परेका यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१३. प्रकाशित सूचनामा कुनै संशोधन गर्नु पर्ने भएमा सोको जानकारी यस कार्यालयको सूचना पाटी वा Website (www.mithilamun.gov.np) मार्फत जानकारी गराईनेछ ।

**तपसिल**

| सि.न | शिलवन्दी दरभाउपत्र नं. | कामको नाम वा विवरण | लागत अनुमान रकम रु. भ्याट सहित | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | शिक्षा ०३/२०७७।०७८ | सेनेटरी प्याड खरिद सम्वन्धि | १८,५६,०००।०० (अक्षेरुपी अठार लाख छपन्न हजार मात्र) | ३ प्रतिशतले हुने रकम | |

प्रमुख प्रशासकीय अधिकृत
मिथिला नगरपालिका